गंगादेव गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशनमा
गाउँपालिका अध्यक्ष **श्री हरिबहादुर पुन**द्वारा प्रस्तत‍ु आर्थिक वर्ष
२०८२/०८३ को

# नीति तथा कार्यक्रम

**गंगादेव गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**सानडाँडा, रोल्पा**

**लुम्बिनी प्रदेश, नेपाल**

गंगादेव गाउँपालिकाको १९ औं गाउँसभाको अधिवेशनका उपस्थित

उपाध्यक्षज्यू,

गाउँसभा सदस्यज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सम्पूर्ण राजनैतिक दलका प्रतिनिधिज्यूहरु,

सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, संचारकर्मी मित्रहरु, समाजसेवी, वुद्धिजीवि तथा उपस्थिति सम्पूर्ण महानुभावहरु।

**पृष्ठभूमि**

नेपालको इतिहास लामो राजनीतिक संघर्ष, परिवर्तन र बलिदानको स्मरणीय दस्तावेज हो। विशेषतः वि.सं. २००७ सालबाट आरम्भ भएको सामाजिक, राजनीतिक र आर्थिक रुपान्तरणको आन्दोलनले करिब सात दशकको कठिन यात्रापछि आज हामी संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनको चरणमा छौं। यस ऐतिहासिक परिवर्तनमा योगदान पुऱ्याउँदै जीवनको आहुति दिने महान शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। उनीहरूले देखेको समावेशी, समान र समुन्नत नेपालको सपना आज संविधानमार्फत सुनिश्चित भएको छ।

२०७२ सालमा जारी नेपालको संविधानले संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशीताको जग बसाल्यो। यिनै मूल्य र मान्यतामा आधारित वर्तमान संरचना संघ, प्रदेश र स्थानीय तहको त्रि-स्तरीय शासन व्यवस्थाको रूपमा स्थापित भएको छ। यही संविधानले दिएको अधिकार र जिम्मेवारीको प्रयोग गर्दै हामी गंगादेव गाउँपालिकाका जनप्रतिनिधिहरू, संघीयताको दोस्रो कार्यकालमा, जिम्मेवार, नविन सोच र उर्जाका साथ जनताको सेवा र विकासमा समर्पित छौं।

आजको १९ औं गाउँसभाको पहिलो अधिवेशनमा आर्थिक वर्ष २०८२/०८३ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउनु स्वयंमा गर्वको विषय हो। गाउँसभा संविधानले प्रत्यायोजित गरेको व्यवस्थापकीय सर्वोच्च निकाय हो, जसले गंगादेव गाउँपालिकालाई आगामी वर्षको समग्र मार्गचित्र प्रदान गर्दछ।

स्थानीय तहको मुख्य उद्देश्य स्थानीय जनताको जीवनस्तर उकास्नु, उनीहरूको अधिकारको प्रत्याभूति गर्नु, र स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्दै समृद्धिको बाटो तय गर्नु हो। यसका लागि हामीले कृषि, शिक्षा, स्वास्थ्य, रोजगारी, सरसफाइ, खानेपानी, विद्युत, पूर्वाधारलगायतका आधारभूत सेवा तथा सुविधा विस्तारमा प्राथमिकता दिएका छौं।

स्थानीय तहहरू राष्ट्रिय समृद्धिको मूल आधार हुन्। त्यसैले, गाउँपालिका प्रदेश तथा संघ सरकारको नीति, योजना र कार्यक्रमसँग सहकार्य गर्दै अघि बढेको छ। सरकारका सबै निकायसँग समन्वय र साझेदारीका

साथ, निजी, गैरसरकारी तथा सामुदायिक क्षेत्रहरूसँग सहकार्य गर्दै **"समृद्ध गंगादेव, सम्मानित गंगादेवबासी"** को लक्ष्य प्राप्त गर्ने दिशामा हामी लागिपरेका छौं।

**महत्वपूर्ण प्रयासहरु :**

- ✓ गाउँपालिकालाई विधिसम्मत, पारदर्शी र उत्तरदायी ढंगले सञ्चालन गर्न स्थानीय कानुनहरूको महत्वपूर्ण भूमिका रहन्छ। यसै सन्दर्भमा गाउँपालिकाले कार्यक्रम सञ्चालनमा सहजता ल्याउने उद्देश्यले आवश्यक स्थानीय कानुनहरू निर्माण गरी कार्यान्वयनमा ल्याइ रहनेछ। पालिकाका नीतिगत निर्णय, कार्यक्रम तथा सूचनाहरू सूचना अधिकारीमार्फत जनसाधारणमा प्रवाह गरिएको छ, जसले नागरिकलाई पालिकाका कार्यप्रणालीमा जानकारी र सहभागिता सुनिश्चित गरेको छ। यस्तै, नागरिकको सेवा प्राप्ति सहज बनाउन सूचना प्रवाह प्रणालीलाई अझ प्रभावकारी बनाइनेछ भने स्थानीय कानुनी संरचना सुदृढ गर्दै सुशासनलाई संस्थागत गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।
- ✓ कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिँदै कृषकहरूको सीप अभिवृद्धि तथा उत्पादन वृद्धि गर्न विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्नुका साथै बीउबिजन, विषादी तथा औषधिहरु वितरण गर्दै आएको छ। साथै, कृषकहरूको सिँचाइ पहुँच सुधार गर्न सिँचाइ पोखरी निर्माण, उत्पादन प्रणालीलाई सशक्त बनाउन कृषि सामग्री हस्तान्तरण तथा सिँचाइको लागि हिलटयाङ्की वितरण कार्यक्रम पनि सञ्चालन गरिएको छ। यस्ता कार्यक्रमहरूलाई आगामी दिनमा थप सशक्त बनाउँदै विस्तार गर्दै लगिनेछ।
- ✓ कृषि पकेट क्षेत्रको रुपमा लुम्बिनी प्रदेशकै नमुनाको रुपमा विकास भईरहेको यस गाउँपालिकाको जिनावाङ सम्म सडक स्तरोन्नती गर्न गरेको निरन्तर प्रयास पछि उक्त सडक खण्ड स्तरोन्नती गर्न बजेट विनियोजन भएको छ ।उक्त सडक निर्माणकार्य बाट स्थानीय उत्पादनलाई बजारीकरणमा टेवा पुग्ने अपेक्षा रहेको छ।
- ✓ गंगादेव २ सुखाओडारमा राम्रो नेटवर्कको कभरेज बढाउन ओइलाम डाँडामा नेपाल टेलिकमबाट टावर निर्माणको लागि काम सुरु भएको छ ।चालु आ.व. २०८१/०८२ मा संचालनमा आउने भनिएको प्राविधिक कारणले संचालनमा आउन सकेन आगामी आर्थिक वर्षमा संचालनमा ल्याउन आवश्यक सम्वन्य गरिने छ।
- ✓ स्थानीय स्तरका पर्यटन, धार्मिक स्थल, कला सँस्कृतिलाई उजागर गर्दै प्राकृतिक स्रोतहरुको संरक्षण, संवर्द्धन र सदुपयोगका लागि गाउँपालिकाले आफ्नो भुमिकालाई सशक्त ढंगले स्थापना गर्ने प्रयत्न गर्दै आएको व्यहोरा अवगत गराउन चाहन्छु ।
- ✓ कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, भौतिक पूर्वाधार तथा वन र वातावरणका विविध सवालहरू अझै पूर्ण रूपमा सम्बोधन भई नसकेको वर्तमान अवस्थामा गंगादेव गाउँपालिकाको तर्फबाट यस्ता महत्वपूर्ण विषयहरू समाधान गर्न निरन्तर प्रयास जारी रहनेछ। सेवाप्रवाहको पहुँच विस्तार गर्दै जनताको आधारभूत आवश्यकता पूर्तिमा कुनै कसर बाँकी नराख्ने प्रतिवद्धता यस गाउँसभा मार्फत पुनः स्पष्ट रूपमा व्यक्त गर्न चाहन्छु।

**आ.व. २०८१/०८२ को संक्षिप्त समिक्षा**

- ✓ गंगादेव गाउँपालिकाको कृषि क्षेत्रलाई प्रवर्द्धन कृषक समूह, कृषि सहकारी संस्था तथा निजी कृषि फार्महरूको सक्रिय सहभागिता र आवश्यकताको आधारमा सबै वडामा उपयुक्त साना सिँचाइ निर्माण कार्यक्रम सञ्चालन गरिएका छन्। कृषि उत्पादनमा वृद्धि र जल व्यवस्थापनमा सुधार ल्याउने उद्देश्यले सिँचाइ पोखरी निर्माण, सिँचाइ पाइप वितरण, सिँचाइ हिल ट्यांकी वितरण तथा प्लास्टिक पोखरी निर्माणजस्ता क्रियाकलापहरू संचालन गरिएका छन् ।
- ✓ गाउँपालिकाको पत्येक वडामा सडक सुविधा पुर्याउने नीतिलाई कार्यान्वयन गरिएको छ र त्यस्ता सडकलाई स्तरोन्नती गर्दै लगिएको छ । यस आ.व. मा मात्रै करिब १० कि.मी. सडक स्तरोन्नती गरिएको छ भने ९ कि.मी. भन्दा बढी सडकको नयाँ ट्र्याक खोल्ने कार्य भएको छ ।प्रदेश सरकारको समपुरक योजना अन्तरगत लाखुरीचौर चिसापानी उपल्लो जाय रौंकडाँडा हुँदै ताप्ला जोड्ने मोटरबाटो टेन्डर मार्फत काम भईरहेको छ ।
- ✓ यातायातलाई सहज बनाउन गाउँपालिकाका सबै वडाका मोटर बाटो तथा गोरेटो बाटोहरु सरसफाई तथा स्तरउन्नति गरिएको छ ।
- ✓ गंगादेव गाउँपालिका वडा नं. ३ को विभिन्न स्थानमा सरसफाइ तथा जनस्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले पाँच वटा सार्वजनिक शौचालय निर्माण गरिएको छ। यस कार्यक्रमले विशेषतः सार्वजनिक स्थल, भीडभाड क्षेत्र तथा आवत-जावत बढी हुने स्थानहरूमा सरसफाइको अवस्था सुधार गर्न सहयोग पुऱ्याएको छ।
- ✓ गाउँपालिकामा स्वास्थ्य सेवा पहुँच विस्तार र पूर्वाधार सुदृढीकरणका लागि सामुदायिक स्वास्थ्य इकाई तथा आधारभूत स्वास्थ्य केन्द्रका पाँच वटा भवन निर्माण कार्य टेन्डर प्रक्रिया मार्फत अन्तिम चरणमा पुगेको छ। जसको निर्माण पश्चात स्वास्थ्य सेवा अझ सहज, गुणस्तरीय र प्रभावकारी हुने अपेक्षा गरिएको छ।
- ✓ मेडपा कार्यक्रम मार्फत नयाँ उद्यमी सिर्जना गरिएको साथै उद्धमीहरुको माग बमोजिम नौमती बाजा बजाउने सीप विकास तालिम प्रदान गरिएको छ ।साथै नौमती बाजा समेत हस्तान्तरण गरिएको छ ।
- ✓ पालिकाको वडा नं २ मा रहेको ओइलाममा खानेपानीको चरम समस्या समाधान गर्न लिफ्ट खानेपानी आयोजना संचालनको चरणमा पुगेको छ ।
- ✓ पशु सेवा प्रवाहलाई सशक्त बनाउँदै किसानहरूलाई लक्षित गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन्। पालिकाभित्र निशुल्क पशु स्वास्थ्य तथा बाँझोपन निवारण घुम्ती शिविर सञ्चालन गरिएको छ, जसबाट किसानहरूलाई प्रत्यक्ष लाभ पुगेको छ। यस्तै, भेडा बाख्रामा पि.पि.आर. (PPR) खोप कार्यक्रम र गाई भैंसीमा एफ.एम.डी. (FMD) खोप कार्यक्रम सञ्चालन गरिएका छन्। यी कार्यक्रमहरूले पशु रोगको रोकथाम, पशु स्वास्थ्य संरक्षण तथा पशुपालन व्यवसायमा स्थायित्व र उत्पादन वृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

- ✓ गाउँपालिका भित्रका जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिलाहरुको सामाजिक सुरक्षा भत्ता सबै वडाको टोल टोलबाट वितरण कार्यलाई निरन्तर संचालन गरिदै आएको छ।
- ✓ पालिकाबासीको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै गंगादेव गाउँपालिकाले विशेषज्ञ डाक्टरहरूको टोलीमार्फत स्वास्थ्य शिविरहरू सञ्चालन गरेको छ। यस्ता शिविरहरू मार्फत स्थानीय बासिन्दाहरूलाई निःशुल्क स्वास्थ्य परीक्षण, परामर्श तथा प्रारम्भिक उपचार सेवा प्रदान गरिएको छ। विशेषगरी आँखाको समस्या, महिलासम्बन्धी रोग, उच्च रक्तचाप, सुगर र दीर्घ रोगहरूमा केन्द्रित यस्ता शिविरहरूले समुदायमा स्वास्थ्य सचेतना अभिवृद्धिमा समेत सहयोग पुगेको छ।
- ✓ कृषकहरूको आयआर्जन वृद्धि र उत्पादन प्रणालीलाई व्यावसायिक बनाउने उद्देश्यले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको छ। वडा नं. २, ३ र ५ का कृषक समूहहरूमा व्यवसायिक तरकारी खेती कार्यक्रम सञ्चालन गरिएको छ भने वडा नं. १ र ७ का कृषक समूहहरूमा व्यवसायिक किवी खेती कार्यक्रम सञ्चालनमा ल्याइएको छ। त्यस्तै, वडा नं. ३ को नाउलीमा व्यवसायिक स्याउ खेती कार्यक्रम सञ्चालन गरिनुका साथै स्याउ खेतीका लागि आवश्यक सिँचाइ सुविधा उपलब्ध गराउन चार ओटा RCC पक्की पोखरी निर्माण गरिएको छ। स्थानीय जातका बालीको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले वडा नं. ४ र ६ मा रैथाने वाली कार्यक्रम सञ्चालन गरिएको छ।
- ✓ स्थानीय तहको साझेदारीमा विद्यालय भनव निर्माण कार्यक्रम अन्तर्गत ३ वटा विद्यालय भवन निर्माणको अन्तिम चरणमा रहेका छन ।
- ✓ नागरिक सँग स्थानीय न्यायिक समिति भन्ने मुल नाराको साथ न्यायिक अधिकार सम्बन्धि विभिन्न क्षेत्रमा सरोकार राख्ने करिब ४०० जना भन्दा बढी सरोकारवालहरु सँग अन्तरक्रिया कार्यक्रम संचालन गरिएको छ ।
- ✓ स्थानीय न्यायिक समिति संजाल रोल्पाको घुम्ति बैठक मार्फत न्यायिक क्षेत्रमा गरेका प्रगतिहरुको अनुभव आदान प्रदान गर्ने कार्य सम्पन्न भएको छ ।
- ✓ सुनौला हजार दिनका आमाहरू र बालबालिकाहरूको पोषण सुधार तथा स्वास्थ्य अवस्था मूल्याङ्कन गर्ने उद्देश्यले उनीहरूको उचाइ, तौल तथा अन्य शारीरिक सूचकाङ्क मापन गर्न आवश्यक मेसिनहरू तथा सामग्रीहरूको प्रयोग गरी प्रत्येक आमा र शिशुको विस्तृत अभिलेख राखिएको छ। साथै, पोषण अवस्थालाई सुदृढ गर्न पोषिलो सर्वोत्तम पिठो वितरण गरिएको छ।
- ✓ सार्वजनिक सेवा प्रभालाई छिटो छरितो सेवा प्रदान गर्न र सुशासन कायम गर्नका लागि गाउँपालिका, वडा कार्यालय र सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गरी सञ्चालनमा ल्याइएको छ। सम्पूर्ण वडा कार्यालयमा सिसि क्यामरा जडानको कार्य अन्तिम चरणमा रहेको छ ।
- ✓ स्थानीय न्यायिक समितिले न्याय समितिमा आएका विवादहरुको मेलमिलापको माध्यमबाट मिलापत्र गराई स्थानीय तहमै न्याय निरुपण गर्ने गरीएको छ।

- ✓ गंगादेव गाउँपालिकाका कार्यालयहरूको गतिविधिहरू नियमित रूपमा गाउँपालिकाको वेबसाइट, फेसबुक पेज लगायत सूचना पाटीमार्फत सार्वजनिक गरिएको छ। आम नागरिकलाई पालिकाको कार्यक्रम, योजना तथा सेवाबारे जानकारी दिने उद्देश्यले सूचना अधिकारीमार्फत आवश्यक सूचनाहरू व्यवस्थित रूपमा उपलब्ध गराइने व्यवस्था गरिएको छ। यसले सूचना पारदर्शिता तथा नागरिक पहुँचलाई अझ प्रभावकारी बनाएको छ।

सभाका सदस्यज्यूहरु, अब म गंगादेव गाउँपालिकाको आगामी आ.व. को सोच, लक्ष्य तथा उदेश्य र अबलम्बन गरिएका नीतिहरुको संक्षेपमा जानकारी गराउन चाहन्छु ।

**सोचः "समृद्ध गंगादेवः सम्मानीत गंगादेवबासी"**

**लक्ष्यः** आर्थिक, सामाजिक, भौतिक, वन वातावरण र संस्थागत क्षेत्रको सम्रग पक्षको विकास गरी समृद्ध गंगादेव सुखी र सम्मानित गंगादेव बासीको गन्तव्यमा पुग्न उत्पादन र रोजगारीलाई प्राथामिकतामा राखी नगर उन्मुख पूर्वाधार तयार गर्ने

**उदेश्यः**

- ➢ गाउँपालिकामा विद्यमान जमिन, जङ्गल, जल, जडिवुटी तथा खनिजको समुचित उपयोगको वातावरण निर्माण गर्दै कृषि तथा पशुपालन, पर्यटन, ऊर्जा, उद्योग र व्यवसायको क्षेत्रगत विकासको माध्यमबाट उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दिगो अभिवृद्धि गर्नु
- ➢ गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरू समावेशी र समन्यायिक प्राप्तिका लागि उपयुक्त वातावरण निर्माण गरी असहाय, विपन्न, सीमान्तकृत वर्ग तथा समुदायहरूको सामाजिक विकास तथा सशक्तीकरण गर्ने र गाउँपालिका भित्रका भाषा, कला, संस्कृति एवं ऐतिहासिक तथा पुरातात्विक धरोहरहरूको संरक्षण तथा सम्वर्धन गर्दै मौलिकतामा आधारित गंगादेव गाउँपालिकाको सर्वाङ्गीण विकास गर्नु

सभाका सदस्यज्यूहरु,

**अब म आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।**

१. गाउँपालिकाले समावेशी र दिगो विकासको लक्ष्य राख्दै उत्पादन र उत्पादकत्व वृद्धिलाई मूल आधार मानेर कृषिलाई आधुनिकिकरण गर्दै, आवश्यक पूर्वाधार निर्माण, खानेपानी तथा विद्युत पहुँचको विस्तार, रोजगारी सिर्जना, मानव पूँजी निर्माण, शिक्षा र स्वास्थ्यमा लगानी वृद्धि, सूचना प्रविधिको उपयोग, नवप्रवर्तनशील सोचको प्रवर्द्धन, उद्यमशीलता विकास तथा साना तथा मझौला उद्योगको प्रवर्द्धनलाई प्राथमिकतामा राखिनेछ। साथै, गरिबी न्यूनीकरण, सामाजिक सुरक्षाको विस्तार, दिगो विकास र वातावरणीय सन्तुलन जोगाउँदै गुणस्तरीय सार्वजनिक सेवा प्रवाहलाई सुनिश्चित गरिनेछ। संघीयताको प्रभावकारी कार्यान्वयन, वित्तीय पारदर्शिता, उत्तरदायित्व र सहभागितामूलक शासन प्रणालीमार्फत सुशासन

प्रवर्द्धन गर्दै समुन्नत, समावेशी र समृद्ध गंगादेव सम्मानित गंगादेबासीको परिकल्पना साकार पार्न विशेष प्राथमिकता दिइनेछ।

२. गंगादेव गाउँपालिकाका विभिन्न आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने व्यवस्था गरिनेछ। तयार गरिएको योजना प्रतिवेदन संघ र प्रदेश सरकारलाई समयमै पेश गरी विकास योजना प्रभावकारी रूपमा अघि बढाउन आवश्यक योजना बैंकको निर्माण गरिनेछ। यसले गाउँपालिकाका विकास कार्यक्रमहरूमा समन्वय र स्रोत जुटाउने कामलाई थप सहज बनाउनेछ।

३. यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ । जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

४. गाउँपालिकाभित्र सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्नका लागि कर्मचारीहरू तथा शिक्षण क्षेत्रका शिक्षकहरूलाई लक्षित गरी नियमित रूपमा क्षमता विकास तालिमहरू सञ्चालन गरिनेछ। नीति, योजना तथा प्रविधि प्रयोगमा दक्षता अभिवृद्धि गर्दै उत्तरदायी र प्रभावकारी कार्यसम्पादन सुनिश्चित गर्न यस प्रकारका तालिमहरू आवश्यक छन्। शिक्षकहरूलाई बालमैत्री शिक्षण पद्धति, पाठ्यक्रम प्रयोग, मूल्यांकन प्रणाली लगायतका विषय तथा कर्मचारीहरूलाई प्रशासनिक दक्षता, सुशासन, सूचना प्रवाह र सेवा प्रवाहमा सुधार ल्याउने विषयमा तालिम प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ।

५. गंगादेव गाउँपालिकाभित्र तथा गाउँपालिका र छिमेकी पालिकाहरू वा जिल्लासँग रहेका सिमाना सम्बन्धी विवादहरू समाधान गर्न स्पष्ट नीति अवलम्बन गरिनेछ। सिमाना विवादले विकास निर्माण, सेवा प्रवाह तथा सामाजिक सद्भावमा असर पार्ने भएकोले यस्ता विषयहरूको दीर्घकालीन समाधानका लागि जिल्ला प्रशासन कार्यालय, नापी कार्यालय, सम्बन्धित पालिका, वडा तथा स्थानीय समुदायसँग समन्वय र सहमतिको आधारमा समस्या समाधान गरिनेछ। कानुनी र प्राविधिक प्रक्रिया अनुसरण गर्दै सिमाना निर्धारण तथा नक्सा अभिलेखीकरणको कार्यलाई प्राथमिकतामा राखिनेछ।

६. गंगादेव गाउँपालिकामा कार्यरत सबै करार, अस्थायी कर्मचारी तथा ज्यालादारी श्रमिकहरूलाई श्रम अधिकारको संरक्षण गर्दै सामाजिक सुरक्षाको दायरामा ल्याउने उद्देश्यले सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने नीति अवलम्बन गरिने छ ।

७. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको दिगो आवासको व्यवस्था र अधिकार सुनिश्चित गर्न गंगादेव गाउँपालिकामा उनीहरूको लगत संकलन कार्य सञ्चालन गर्न आवश्यक समन्वय गरिनेछ। संकलित विवरणका आधारमा सम्बन्धित निकायहरूसँग सहकार्य गरी जग्गाधनी प्रमाणपत्र वितरण प्रक्रिया अघि बढाइनेछ ।

## कृषि विकास तथा पशु सेवा तर्फ

८. गंगादेव गाउँपालिकाभित्र रहेका कृषक समूह, कृषि सहकारी संस्था तथा निजी कृषि फार्महरूको सक्रिय सहभागिता र आवश्यकताको आधारमा सबै वडामा उपयुक्त साना सिँचाइ निर्माण कार्यक्रम सञ्चालन गरिनेछ। कृषि उत्पादनमा वृद्धिसहित जल व्यवस्थापनमा सुधार ल्याउने उद्देश्यले यस कार्यक्रम अन्तर्गत सिँचाइ पोखरी निर्माण, सिँचाइ पाइप वितरण, सिँचाइ हिल ट्यांकी वितरण तथा प्लास्टिक पोखरी निर्माणजस्ता क्रियाकलापहरू सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ । कार्यक्रमको स्थान छनोट गर्दा प्राविधिक सम्भाव्यता, कृषकको सक्रियता, उपलब्ध स्रोतसाधनको अवस्था र उत्पादन वृद्धिमा पर्ने प्रभावलाई विशेष प्राथमिकता दिइनेछ।

९. कृषकलाई आधुनिक कृषि प्रविधिसँग जोड्ने उद्देश्यले गंगादेव गाउँपालिकाभित्र रहेका कृषक समूह, कृषि सहकारी तथा निजी कृषि फार्महरूलाई आवश्यक मेसिनरी र कृषि औजार उपकरणहरू अनुदानमा प्रदान गरिनेछ। उत्पादनशीलता वृद्धि र कृषि कार्यलाई सहज बनाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिनेछ।

१०. गंगादेव गाउँबासीको आवश्यकतालाई परिपूर्ति गर्न आवश्यक वस्तुहरूको उत्पादनका लागि **"हाम्रा लागि हाम्रै उत्पादन"** अभियान संचालन गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउन खाद्यान्न, फलफूल तथा तरकारीजन्य उपजको उत्पादनका लागि प्रबर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ।

११. पशुपंक्षीजन्य उत्पादन दुध, दही, घ्यू, पनिर, चिज, खुवा र मासुमा पालिकालाई आत्मनिर्भर बनाउनका लागि गाई, भैंसी, बाख्रा, भेंडा, कालिज, कुखुरा, माछा, बँगुर, खरायो, टर्की, बट्इ, जस्ता पशुपंक्षी उत्पादनमा जोड दिइने छ।

१२. कृषि पेशालाई अझ प्रभावकारी, प्रतिस्पर्धी र प्रेरणादायी बनाउने उद्देश्यले अध्यक्ष **उत्कृष्ट कृषक सम्मान कार्यक्रम** सञ्चालन गरिनेछ। कृषि क्षेत्रमा उल्लेखनीय योगदान गर्ने कृषकहरूलाई प्रोत्साहनस्वरूप सम्मान प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

१३. प्रत्येक वडाहरुमा एक गाउँ एक पकेट क्षेत्र संचालन कार्यक्रमलाई निरन्तरता दिइने छ।

१४. स्याउ तथा किवि खेती गरिरहेका कृषकहरुलाई खेती प्रविधि तथा विभिन्न रोग नियन्त्रण तथा नेपाल सरकारका सम्वन्धित क्षेत्रका विषय विज्ञ मार्फत तालिम संचालन गर्ने व्यवस्था मिलाईने छ।

१५. कृषि अनुदानमा दोहोरोपना हटाई किसानको वर्गीकरण र पहिचान सुनिश्चित गर्न गंगादेव गाउँपालिकामा किसान सूचिकरण कार्यक्रम सञ्चालन भइरहेको छ। हाल वडा नं. २, ४, ५, ६ र ७ मा सञ्चालनमा रहेको उक्त कार्यक्रम आगामी आर्थिक वर्षमा सम्पूर्ण किसानको विवरण एकीकृत गरि सूचिकरण पश्चात किसानलाई परिचयपत्र वितरण कार्य अगाडी बढाइनेछ।

१६. पशु स्वास्थ्य नियमन कार्यक्रम अन्तर्गत विरामी पशु पंक्षीहरुको निशुल्क चेकजाँच तथा औषधी वितरण उपचार र कृषकलाई परामर्श सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१७. गंगादेव गाउँपालिकामा रासायनिक मल र विषादीको प्राविधिक ज्ञान बिना बढ्दो प्रयोगका कारण बालीमा रोग लाग्ने र उत्पादनमा ह्रास आउने समस्या देखिँदै आएको छ। यस समस्याको समाधानस्वरूप कृषकमा जनचेतना अभिवृद्धि गर्दै रासायनिक पदार्थको सन्तुलित प्रयोगको प्रवर्द्धन गरिनेछ। यसका लागि खजुरा, बाँकेको माटो परीक्षण प्रयोगशालासँग समन्वय गरी माटो परीक्षणको व्यवस्था गरिनेछ।

१८. कृषकको आम्दानी वृद्धि र पशुपालन क्षेत्रको समग्र विकासलाई ध्यानमा राखी गंगादेव गाउँपालिकाभित्र दुग्ध तथा मासु उत्पादनमा योगदान पुर्‍याउने कृषकहरूलाई लक्षित गर्दै उन्नत नश्लका गाई, भैंसी तथा बोका वितरण कार्यक्रम सञ्चालन गरिनेछ। दुग्ध उत्पादनमा वृद्धि ल्याउन गाईभैंसीपालक कृषकहरूलाई र मासु उत्पादन तथा बाख्रापालन सुधार गर्न स्थानीय जातका बाख्रामा प्रजनन सुधारका लागि बोयर जातका उन्नत बोका वितरण गरिनेछ।

१९. कृषकहरूलाई विभिन्न बाली तथा तरकारी उत्पादनमा आत्मनिर्भर बनाउँदै उत्पादन वृद्धि गर्न रोग कीरा नियन्त्रण तथा गुणस्तरीय बीउ वितरण कार्यक्रम सञ्चालन गरिनेछ। यस अन्तर्गत विभिन्न प्रजातिका रोग किरा नियन्त्रण गर्न आवश्यक विषादी, उन्नत तथा हाइब्रिड ताजा तरकारीका बीउबिजन र उन्नत जातका मकैका बीउ वितरण गरिनेछ। साथै, बाली तथा विरुवामा लाग्ने रोग र किरा समयमै पहिचान गरी समाधान गर्न "**प्लान्ट क्लिनिक**" सञ्चालन गरिने व्यवस्था मिलाइनेछ ।

२०. पशु पंक्षीहरुको विभिन्न महामारी रोग नियन्त्रणका लागि कृषकहरुलाई निशुल्क खोप उपलब्ध गराईने छ।

२१. खसी बोका सहकारी मार्फत बिक्री वितरण गर्दा किसानलाई प्रति किलो थप २० रुपैया दिने व्यवस्था मिलाउन आवश्यक सहजिकरण गरिने छ ।

२२. गंगादेव गाउँपालिका भित्र सिँचाइको अभाव रहेका सबै ठाउँहरुमा व्यवसायीक रुपमा पशुपंक्षी र मौरी पालन व्यवसाय संचालन गरिनेछ । सिँचाइ प्रर्याप्त भएका ठाउँहरुमा व्यवसायीक ताजा तरकारी, मसला बाली र आलुको उत्पादन लाई वढवा दिइने छ ।

२३. पशुपंक्षीमा लाग्ने विभिन्न संक्रामक रोगहरू तथा आन्तरिक र बाह्य परजीवीका संक्रमणका कारण उत्पादनमा कमी आउने र मृत्युदर बढ्ने समस्या देखा परिरहेको सन्दर्भमा गंगादेव गाउँपालिकाले कृषकहरूको घरदैलोमा पुग्ने गरी निःशुल्क पशु स्वास्थ्य घुम्ती शिविर सञ्चालन गरिने छ। यस कार्यक्रमले रोग नियन्त्रण, पशुपक्षीको स्वास्थ्य सुधार तथा उत्पादन वृद्धि गर्न सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ।

२४. **कृषक सँग प्राविधिक** घरदैलो कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

सभाका सदस्यज्यूहरु,

## शिक्षा  युवा तथा खेदकुद तर्फ

२५. उत्कृष्ट र सूरक्षित शिक्षालय, मेरो विद्यालय अन्तर्गत विद्यालयमा भौतिक पूर्वाधार मैत्रि तथा Digital Friendly कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसका लागि सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग समन्वय तथा सहकार्य समेत गरिनेछ।

२६. विद्यार्थीहरुमा शैक्षिक ज्ञानका साथसाथै व्यवसायिक सिप र ज्ञान आर्जन गर्नको लागि "**बुक फ्रि डे शुक्रबार**" कार्यक्रमको शुरुआतको लागि आवश्य प्रकृया अगाडी बढाईने छ।

२७. गंगादेव गाउँपालिकाको स्थानीय पाठ्यक्रमलाई  प्रभावकारी र पूर्ण रुपमा लागु गर्न पाठ्यपुस्तक निर्माण गरिनेछ ।

२८. दिवाखाजा खुवाउदा स्थानीय स्तरका रैथाने बालिहरुबाट उत्पादित आर्गनिक खाद्य बस्तुहरुबाट बनेका परिकार खुवाउन विद्यालयलाई निर्देशन गरिनेछ ।

२९. गंगादेव गाउँपालिकाका युवाहरुलाई लागूपदार्थ दुव्र्यसनी विरुद्ध सचेतनामुलक अभियान सञ्चालन गरिनेछ । जस अन्तर्गत विद्यालय, टोल विकास समिति तथा लक्षित वर्गहरुको सञ्जालको माध्यमबाट कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. युवाहरुलाई संसदीय अभ्यासप्रति जानकार गराउनका लागि युवा परिषदको सहयोगमा नमुना युवा सभा कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. विद्यार्थीहरूको शारीरिक स्वास्थ्य र खेलकुद प्रतिभा विकासका लागि राष्ट्रपति रनिङ शिल्डलाई थप व्यवस्थित र प्रभावकारी बनाउदै लगिने छ ।

३२. पालिका भित्र रहेका माध्यामिक विद्यालयका खेलकुद शिक्षकहरुलाई खेलकुद प्रशिक्षणको लागि प्रशिक्षण कार्यक्रमको संचालन गरिने छ ।

३३. गंगादेव गाउँपालिकाले निर्माण गरेको विद्यालय शिक्षा क्षेत्र योजना (२०८१-२०८५) स्वीकृत गरि पूर्ण रुपमा लागू गरिनेछ ।

३४. गंगादेव गाउँपालिकाबाट उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई प्रोत्साहनस्वरूप छात्रवृत्ति प्रदान गरिनेछ साथै उल्लेखनीय शैक्षिक उपलब्धि हासिल गर्ने व्यक्तिहरूलाई सम्मान गरिनेछ।

३५. गाउँपालिका द्वारा संचालित राष्ट्रपती रनिङ शिल्ड प्रतियोगितामा लगातार ३ पटक जित्ने विद्यालयलाई पुरस्कृत गरिने व्यवस्था मिलाईने छ ।

## स्वास्थ्य सेवा तर्फ

३६. गाउँपालिकाको सबै  वडाको स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुबाट प्रसुति सेवा आ.ब. २०८२/०८३ बाट संचालनका लागि आवश्यक जनशक्ति र पूर्वाधारको ब्यबस्था गरिने छ ।

३७. असहाय, विपन्न तथा आर्थिकरुपले पछाडी परेका नागरिकहरुलाई गाउँपालिकाबाट नै स्वास्थ्य बिमा को लागि चाहिने प्रिमियम बेहोर्ने गरि स्वास्थ्य बिमामा आबद्धता गराईने छ ।

३८. स्वास्थ्य संस्थाहरुको काम काजलाई सुरक्षित तरिकाले राख्नलाई चाहिने अति आवश्यक HMIS Tools को छपाई तथा वितरण गरिनेछ ।

३९. महिला स्वास्थ्य स्वयं सेविकालाई हाल स्थानीय सरकारबाट मासिक रुपमा प्रदान गरिदै आएको खाजा तथा यातायात बापतको सुविधालाई निरन्तरता दिईने छ ।

४०. जेष्ठ नागरिकहरु प्रति सम्मान ब्यक्त गर्दै नसर्ने रोगहरुको दर घटाउनलाई जेष्ठ नागरिकहरुसँग जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरु घरभेट गरी स्वास्थ्य परीक्षण गर्ने कार्यक्रम संचालन गरिनेछ।

४१. प्रत्येक माध्यमिक विद्यालयमा १/१ जना विद्यालय नर्सको ब्यबस्थाको लागि पहल गरिने छ।

४२. मातृ मृत्युदर र नवशिशु मृत्युदर शून्य गर्न र घरमा सुत्केरी हुने संख्या शून्य गर्न मातृ तथा शिशु कार्यक्रम संचालन गरिनेछ ।

४३. स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्डको कार्ययोजना अनुरुप सबै स्वास्थ्य संस्थाहरुको गुणस्तर सुधारका लागि औजार उपकरण तथा औषधि सामाग्रीहरुको आपूर्ति ब्यबस्था मिलाइने छ।

सभाका सदस्यज्यूहरु,

## पुर्वाधार विकास तथा सिँचाई तर्फ

४४. निर्माण कार्यमा गुणस्तर कायम गर्न अनुगमन कार्यलाई प्रभावकारी बनाउनका लागि सूचक सहितको कार्यविधि तयार गरी पूर्वाधारका योजना र कार्यक्रमहरुमा सञ्चालन गर्नु पूर्व, सञ्चालन हुदै गर्दा र सम्पन्न भए पश्चात तीन चरणको अनुगमन गरिने छ ।

४५. पानीको स्रोत कम भएको ठाउँमा पक्की सिँचाइ पोखरी निर्माण गरी पानी जम्मा गरेर सिँचाइ गर्ने र लिफ्ट सिँचाइ प्रविधिबाट सिँचाइका योजनाहरु सञ्चालन गर्न संघ र प्रदेश सरकारलाई पहल गरिने छ।

४६. सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले वडा नं. १, २ र ५ का वडा कार्यालय भवनहरूको निर्माण गरिनेछ। स्थायी भौतिक संरचना निर्माण पश्चात जनतालाई सहज, सुलभ र गुणस्तरीय सेवा प्रदान हुने अपेक्षा गरिएको छ ।

४७. पालिकाभित्रका विभिन्न वडाहरूमा यातायात सुविधा सुदृढ गर्न गोरेटो तथा मोटरबाटाहरूको स्तरोन्नति र मर्मत-सम्भार कार्य सञ्चालन गरिनेछ। स्थानीय उत्पादनको बजारीकरण, सेवामा पहुँच र आवत-जावतमा सहजता ल्याउन सडक पूर्वाधारको सुधारलाई प्राथमिकतामा राखिनेछ।

## लघु उद्यम विकास तर्फ

४८. बेरोजगार भई बसेका हरेक किसिमका महिला पुरुषलाई समेटिनेगरी लघु उद्यमका क्षेत्रमा प्रवेश गराउनका लागि अति विपन्न परिवार छनोट गरी उद्यमशीलता तालिम प्रदान गरिने छ।

४९. व्यवसाय विस्तारमा टेवा पुर्याउनका लागी उद्यम व्यवसाय गरि रहेका उद्यमिहरुका लागी उद्यम व्यवसाय वृद्ध तथा विस्तारका लागी प्रविधी हस्तान्तरण कार्याक्रम सञ्चालन गरिने छ।

५०. सफल उद्यमीलाई सम्मान गर्ने कार्यक्रमको व्यवस्था गरिने छ।

५१. "**उद्यमशीलताको विकासः अर्थतन्त्रको मूल आधार**" को सोच सहित गंगादेव गाउँपालिकाबासीको उद्यमशीलताको विकास, विस्तार र प्रविधिकरण गरी उद्योग क्षेत्रको स्थापना मार्फत आय तथा रोजगारी वृद्धि गर्ने रणनीति लिइने छ।

५२. महिलाहरूलाई आर्थिक रूपमा सक्षम बनाउँदै स्वरोजगारमा प्रेरित गर्ने उद्देश्यले **"उपाध्यक्ष नारी उद्यमशीलता तालिम"** कार्यक्रम सञ्चालन गरिनेछ। उक्त तालिममार्फत महिलाहरूलाई सिप विकास, साना उद्यम सञ्चालन, व्यवस्थापन, बजारीकरण तथा वित्तीय साक्षरता सम्बन्धी ज्ञान प्रदान गरिनेछ।

सभाका सदस्यज्यूहरु,

## खानेपानी तथा सरसफाई तर्फ

५३. गाउँपालिका क्षेत्रका खानेपानी योजनाहरूको शुद्धता र गुणस्तर सुनिश्चित गर्न नियमित परीक्षण गरिनेछ। सबै घरधुरीमा सुरक्षित र गुणस्तरीय खानेपानी सेवा पुऱ्याउने लक्ष्यसहित संघ, प्रदेश सरकार तथा विकास साझेदार संस्थासँग समन्वय गरी नयाँ खानेपानी आयोजनाको निर्माण, पूर्वाधारको मर्मत सम्भार तथा "**एक घर, एक धारा**" कार्यक्रमलाई संचालनमा जोड दिइनेछ।

५४. गंगादेव गाउँपालिकालाई पूर्णरूपमा सरसफाइयुक्त बनाउने दीर्घकालीन लक्ष्यसहित "**सुन्दर र हराभरा गंगादेव गाउँपालिका, मेरो गाउँ आफैं सफा गर्ने प्रतिबद्धता**" भन्ने नारालाई आधार मानेर सरसफाइ अभियान सञ्चालन गरिनेछ। स्वच्छता र वातावरणीय सन्तुलन कायम राख्न सामुदायिक सहभागिता अभिवृद्धि गर्दै जनचेतनामूलक गतिविधिहरू सञ्चालन गरिने छ। साथै, वडागत रूपमा चरणबद्ध ढंगले पूर्ण सरसफाइयुक्त वडा घोषणा गर्दै सरसफाइ अभियानलाई संस्थागत र दिगो बनाइनेछ।

५५. WASH Plan Data Update का लगी पालिका भित्र रहेका खानेपानी आयोजनाहरुको मोवाइद एप्लिकेशन मार्फत N-WASH MIS सर्भरमा विवरण अध्यावधि गरिने छ ।

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ

५६. गाउँपालिकामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पङ्ख्यक, एकल महिला, दलित, आदिवासी जनजाति, पछाडि परेका वर्ग तथा समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरण कार्यक्रममा जोड दिइनेछ ।

५७. गाउँपालिकामा सञ्चालित सि.वि.आर कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५८. लैंगिक हिंसा निवारण , महिला सिप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृदि जस्ता विषयमा स्रोत व्यवस्थापन लागि छुट्टै कोष स्थापना गरि कार्यन्वयनमा ल्याइने छ ।

५९. महिनावारी स्वच्छता, मानसिक स्वास्थ्य र प्रजनन तथा यौनका कुरा आदानप्रदान गर्नको लागि **उपाध्यक्षसँग मनका कुरा** नाराका साथ महिलाहरुको चेतना अभिबृद्धि गर्नको लागि टोल टोलमा जनचेतनामूलक कार्यक्रम व्यापक रुपमा संचालन गरिनेछ ।

६०. संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन गर्न आवश्यक कानुनको निर्माण गरि आवश्यक कार्यक्रम संचालन गरिने छ।

६१. लैङ्गिक हिंसा निवारण , महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि जस्ता विषयमा स्रोत व्यवस्थापन लागि छुट्टै कोष स्थापना गरि कार्यन्वयनमा ल्याइने छ ।

६२. विद्यालयमा, धामीझाँक्री, पुरोहितहरू, आमा समुहहरूमा तथा टोलटोलमा बालश्रम, बालविवाह, बहुविवाह, दाइजो, बोक्सि, छाउपडी जस्ता कुप्रथाहरूको अन्त्यको लागि जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६३. सबै वडाहरुलाई बालमैत्रि वडा घोषणाको लागि बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

६४. अपाङ्ग, लाटा, बहिरा हरुको निःशुल्क शिक्षकाको लागि सम्बन्धित निकाय सँग सहकार्य गरी आवश्यक प्रकृया अगाडि बढाईने छ ।

सभाका सदस्यज्यूहरु,

## बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ

६५. सुनौला हजार दिनका आमाहरु, बालबालिकाहरु तथा किशोरीहरुको पोषण अवस्था सुधार गर्नको लागि पोषण मैत्रि स्थानीय शासनको नीतिलाई कार्यान्वयनमा गरिनेछ ।

६६. सुनौला हजार दिन भित्रका आमा तथा बच्चाहरुमा पोषण सुधार गर्न पोषण लेखाजोखा/जाँच कार्य र पोषिलो सर्वोत्तम पिठो वितरण कार्यलाई निरन्तरता दिई कुपोषण दरमा कमी ल्याउने नीति अवलम्बन गरिनेछ ।

६७. सुनौला हजार दिनका आमाहरुको पोषण अवस्था सुधार गर्न एक घर एक करेसाबारी निर्माण अन्तर्गत पोषण तत्व प्रदान गर्ने फलफुलका विरुवाहरु र तरकारीको बिउबिजन वितरण गर्ने नीतिको व्यवस्था गरिनेछ ।

६८. विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको स्वास्थ र पोषणयुक्त जीवनको लागि विद्यालय स्वास्थ्य तथा नर्सिंग कार्यक्रम संचालन गरिनेछ ।

६९. सुनौलो हजार दिनका आमा तथा बालबालिकालाई लक्षित गर्दै पोषणस्तरमा सुधार ल्याउने उद्देश्यले पशुपन्छिजन्य खाद्य पदार्थको महत्व दर्शाउने सूचनामूलक प्रचार सामग्री वितरण गरिनेछ। साथै, पोषणमा टेवा पुग्ने खालका कुखुरा तथा अण्डा वितरण गरी आहारजन्य सुधारमा सहयोग पुऱ्याइनेछ। यसैसंगै, महिलालाई आत्मनिर्भर बनाउँदै पोषण र आयआर्जन दुवैमा सुधार ल्याउने उद्देश्यले व्यावसायिक कुखुरापालनसम्बन्धी तालिम पनि सञ्चालन गरिनेछ।

७०. बालबालिकाको स्वास्थ्य अवस्था नियमित रूपमा मूल्याङ्कन गरी कुपोषणको पहिचान र रोकथाम गर्नका लागि "**प्रत्येक महिना बच्चा जोखौं सामान बोकौं**" जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ। यस कार्यक्रममार्फत बालबालिकाको तौल तथा स्वास्थ्य सूचकाङ्क मापन गरी आवश्यक पोषण सामग्री तथा परामर्श प्रदान गरिनेछ, जसले पोषण सुधारमा प्रत्यक्ष टेवा पुऱ्याउनेछ।

## सूचना तथा संचार प्रविधि तर्फ

७१. गंगादेव गाउँपालिका भित्रका सम्पुर्ण कार्यालय, मठ मन्दिर, गुम्बा तथा प्रमुख बाटोहरु समेटिएको गाउँ पालिकाको आफ्नै नक्सा निर्माण गरिने छ ।

७२. किसानहरूलाई मौसम, बजार मूल्य, र खेतीपातीको जानकारी तथा पालिकाले सञ्चालन गर्ने कार्यक्रम र वितरण गर्ने विउ विजनको बारेमा जानकारी डिजिटल माध्यमबाट उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

७३. विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक कार्यालय लगायतका सामुदायिक संस्थाहरुमा सूचना तथा सञ्चार प्रविधि सेवा विस्तार गरिनेछ ।

७४. समुदायहरुलाई सूचना तथा सञ्चार प्रविधिको अर्थपूर्ण प्रयोगमा सक्षम बनाउन, डिजिटल साक्षरता कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

७५. गाउँपालिकामा सूचना प्रविधिको प्रभावकारी प्रयोगमार्फत सेवा प्रवाहलाई सरल, पारदर्शी र आधुनिक बनाउने उद्देश्यले कर्मचारी तथा जनप्रतिनिधिहरूलाई लक्षित गर्दै पूर्णताजगी (Refresher) तालिम सञ्चालन गरिनेछ। यस तालिममार्फत कम्प्युटर प्रणाली, अनलाइन सेवा, ई-गभर्नेन्स, सूचना व्यवस्थापन प्रणाली लगायतका विषयमा दक्षता अभिवृद्धि गरिनेछ।

७६. जनता सु-सुचित हुन पाउने सूचनाको हकको प्रत्याभुती गर्न कार्यालयबाट सम्पादित कार्यक्रमहरुको सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, चौमासिक सार्वजनिकरण गर्ने कार्यलाई मिडिया सहकार्य गरी सूचना प्रभाह गरिने छ ।

७७. गाउँ पालिकाबाट प्रकाशन हुने सूचनाहरु स्थानीय सञ्चार माध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने नीति लिइने छ । जनतालाई पालिकाले गरेका गतिविधिको जानकारी प्रदान गर्न कार्यक्रम **गंगादेव गतिविधि** संचालन गरिनेछ ।

सभाका सदस्यज्यूहरु,

## सहकारी तथा वित्तीय सेवा तर्फ

७८. सहकारी संघ संस्थाहरुसँग सहकार्य गरी उत्पादनमूलक व्यवसाय सञ्चालन गर्ने कार्य अघि बढाइने छ।

७९. ऋण प्राप्ति प्रक्रिया, बैकिङ सेवाहरू र बचत योजनाको जानकारी प्रदान गर्न वित्तीय सहायता र सचेतना सहितको सहकारी शिक्षा कार्यक्रम संचालन गरिने छ ।

८०. गंगादेव गाउँपालिका भित्र उत्पादन हुने किवि, स्याउ, सुन्तला लगायतका मौसम अनुसारका विभिन्न जातका फलफूलहरुको सहकारी मार्फत प्रशोधन उद्योग सञ्चालन गरी आय आर्जन वृद्धि गर्न संघ, प्रदेश तथा अन्य सहयोगी निकायहरुलाई पहल तथा समन्वय गरिने छ ।

८१. सहकारीको माध्यमबाट महिलाहरुको क्षमताविकास, सशक्तीकरण र आय आर्जन सँग सम्बन्धित कार्यक्रमहरु संचालन गरिने छ ।

८२. सहकारी मार्फत अनुदानित रसायनिक मल समयमा कृषकलाई वितरण गरिने छ र प्रभावकारी नियमन गरिने छ ।

## पर्यटन तर्फ्

८३. **गंगादेव चिनारी हाते पुस्तक** निर्माण गरी आन्तरिक र बाह्य पर्यटकहरुलाई जानकारी प्रदान गर्ने अभियानको शुरुवात गरिनेछ ।

८४. गाउँपालिकाको महत्वपूर्ण प्राकृतिक सम्पदाको रुपमा रहेको सुखाओडार गुफाको संरक्षण तथा पदमार्गको निर्माण गरिनेछ, जसले स्थानीय पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउने छ। त्यस्तै, सुकिदह पर्यटकीय क्षेत्रको सम्भावनालाई व्यावसायिक तथा व्यवस्थित रूपमा विकास गर्न आवश्यक पर्यटकीय पूर्वाधारहरूको निर्माण गरिनेछ।

८५. यस गाउँपालिकाको वडा नं. ३ मनिमारेमा अवस्थित शहिद पार्कको संरक्षण तथा सुधार गरिनेछ । यस स्थललाई आन्तरिक पर्यटन प्रवर्द्धनको एक आधारका रूपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण कार्यमा जोड दिइनेछ ।

८६. प्रमुख पर्यटकीय पदमार्गहरूको निर्माण, स्तरोन्नति र नक्शाङ्कन गरी प्रमुख पहाडी चुचुराहरूमा पर्यटकीय दृष्यावलोकन स्थलहरू निर्माण तथा होमस्टेको व्यवस्था सहित गंगादेवका कम्तिमा २ वटा बस्तीलाई नमुना पर्यटकीय गाउँको रूपमा विकास गर्न विकास गुरुयोजना निर्माण कार्य अगाडी बढाइने छ ।

८७. गंगादेव गाउँपालिकाभित्र अवस्थित विभिन्न धार्मिक, सांस्कृतिक तथा प्राकृतिक महत्वका पर्यटकीय स्थलहरू जस्तै ओतको तपोवन शिव गुफा क्षेत्र, जिनावाङको बाह्र जथाक तथा नमुना कृषि पर्यटन स्थल, पाखापानीको विजयधुरी, राँकको राकमा र जिल्ला धुरी तथा तिखेचुलालाई पर्यटन प्रवर्द्धनको सम्भावना अनुरूप संरक्षण र विकास गर्न आवश्यक पहल गरिनेछ। स्थानीय स्रोत र विशेषतामा आधारित पूर्वाधार निर्माण, प्रचार-प्रसार तथा पहुँच सुधारमार्फत यी क्षेत्रहरूलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न पहल गरिने छ । जसले स्थानीय रोजगार, संस्कृति संरक्षण र आर्थिक समृद्धिमा टेवा पुर्‍याउने अपेक्षा लिइएको छ।

सभाका सदस्यज्यूहरु,

## राजश्व तर्फ

८८. राजश्व प्रशासनसँग सम्बन्धित कर्मचारी तथा पदाधिकारीहरुका लागि तालिमको व्यवस्था मिलाइने छ।

८९. करदाता परिचय नम्बरको व्यवस्था र सबै नागरिकलाई कर प्रणालीमा समावेश गर्ने कार्यक्रम संचालनको लागि आवश्यक प्रक्रिया अगाडि बढाइने छ।

९०. राजस्व प्रणालीलाई प्रभावकारी बनाउँदै पारदर्शिता र उत्साहजनक सहभागिता प्रवर्द्धन गर्ने उद्देश्यले धेरै राजस्व संकलन गर्ने संकलनकर्ता तथा संकलन केन्द्रलाई सम्मान गरिनेछ। यस कार्यले राजस्व संकलनमा प्रतिस्पर्धात्मक भावना अभिवृद्धि गर्नुका साथै उत्कृष्ट सेवा प्रवाहमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ

९१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमसँग आवद्ध गरी यथार्थ उत्पादनमूलक रोजगारी सिर्जना गर्न बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिने छ ।

९२. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई कृषि तथा उत्पादनमुलक क्षेत्रमा जोड्ने गरी म्याचिङ फन्डमा काम गर्ने नीति अवलम्वन गरी कार्यान्वयन गरिनेछ ।

९३. सीपयुक्त र दक्ष श्रमिकहरुको अभावलाई सम्बोधन गर्न आवश्यकता अनुसार तालिमहरु सञ्चालन गरिनेछ।

९४. गंगादेव गाउँपालिका अन्तर्गत सञ्चालन हुने विकास निर्माणका कार्यहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।

९५. प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वय गर्नको लागि यस कार्यक्रम अन्तर्गत कार्यरत रोजगार सहायक र प्राविधिक सहायक दुई जना कर्मचारीलाई पालिकाबाट सेवा सुविधा उपलब्ध गराउने गरि निरन्तरता दिइने छ ।

९६. रोजगार सेवा केन्द्रबाट बैदेशिक रोजगारीमा श्रम स्वीकृती गरी गएका श्रमिकहरुले र उनीहरुको परीवारले बोर्डबाट प्राप्त गर्नु पाउनुपर्ने कल्याणकारी कोषको लागी सहजीकरण गरीनेछ ।

९७. संरचनागत विकास परीयोजनाहरु (जस्तैः सडक निर्माण, सिंचाई परीयोजना) संचालन गर्ने र पर्यटकिय स्थलहरुको विकास गरेर स्थानीय स्तरमा रोजगारी सिर्जना गरीनेछ ।

**न्यायिक समिति तर्फ**

९८. गाउँपालिकाको मेलमिलाप कक्ष बाट न्याय निरुपण कार्य गरिनेछ। न्यायिक सेवा प्रवाहको लागि आवश्यक स्रोतसाधनको व्यवस्थापन गरिने छ।

९९. न्यायिक समिति र मातहतका मेलमिलाप, कर्ताहरुको क्षमता अभिवृद्धि गर्दै न्याय सम्पादनको कार्यलाइ प्रभावकारी बनाउन जोड दिइनेछ।

१००. गाउँपालिका भित्र रहेका न्याय संग सम्वन्धित सरोकारवालाहरुसँग अन्तरक्रिया छलफल कार्य गरिने छ।

**वन वातावारण तथा विपद् व्यवस्थापन तर्फ**

१०१. जलवायु परिवर्तनको असरले लोप हुंदै गएका पोखरीहरू, तालतलैयाहरु, पानीका मुहानहरुको संरक्षण गर्ने नीति लिईनेछ ।

१०२. पर्यावरणीय सन्तुलन कायम गर्न सामुदायिक वन उपभोक्ता समितिसँग सहकार्य गरी उपयुक्त स्थानहरुमा वृक्षारोपण गर्ने कार्य गरिने छ ।

१०३. स्थानीय वन स्रोतको संरक्षण, हरियाली विस्तार र वातावरणीय सन्तुलन कायम गर्न कार्यक्रम सञ्चालन गरिनेछ। विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, चेतना अभिवृद्धि तथा उद्धार राहत कार्यमा समुदाय र सरोकारवाला निकायसँग सहकार्य गरिनेछ।

**व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा तर्फ**

१०४. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य सुचिकृत भएका लाभग्राहीहरुको बायोमेट्रिक प्रणालीबाट नविकरण गर्ने व्यवस्था मिलाईने छ ।

१०५. टोलटोलबाट वितरण हुदैं आएको सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई निरन्तरता दिईने छ।

**सभाका सदस्यज्यूहरु**

अन्य उपस्थित महानुभावहरु

गंगादेव गाउँपालिकाको नीति तथा कार्यक्रम “समृद्ध गंगादेव, सम्मानित गंगादेवबासी” निर्माणको दीर्घकालीन सोच र लक्ष्यमा आधारित मार्गदर्शक दस्तावेज हो। यस लक्ष्यलाई प्राप्त गर्न गाउँपालिकाको एकल प्रयास मात्र पर्याप्त नहुने हुँदा संघीय सरकार, प्रदेश सरकार, छिमेकी पालिकाहरू, सरकारी तथा गैरसरकारी संघ संस्था, दातृ निकाय, सामुदायिक तथा सहकारी संघ संस्थाहरूको संयुक्त प्रयास, सहकार्य र स्वामित्वको प्रभावकारी कार्यान्वयन अनिवार्य छ। यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सबै पक्षको सक्रिय सहयोग र सहभागिताको अपेक्षा गर्दै समृद्ध गाउँ निर्माणको साझा अभियानमा हातेमालो गर्न सबैमा हार्दिक आह्वान गर्दछु।

**सभाका सदस्यज्यूहरु**

अन्तमा, गाउँपालिकाको विकास र सेवा प्रवाहमा प्रत्यक्ष वा परोक्ष रूपमा योगदान पु-याउँदै आउनु भएका नेपाल सरकार, प्रदेश सरकार, छिमेकी स्थानीय तहहरू, विभिन्न विकास साझेदार संस्था, स्थानीय प्रशासन, सामाजिक संघ-संस्था, सभा सदस्यहरू, राजनीतिक दलहरू, निजी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम, पत्रकार, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवी तथा सम्पूर्ण गाउँवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा गंगादेव गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद!

हरि बहादुर पुन
अध्यक्ष
गंगादेव गाउँपालिका रोल्पा
२०८२/०३/०९ गते
ने.सं. ११४५ तछलागा त्रयोदशी